# बुटवल उपमहानगरपालिका

# नगरकार्यपालिकाको कार्यलय

बुटवल, रुपन्देही

## सार्वजनिक नीजि साझेदारीमा काम गर्नका लागि मनसायपत्र आह्वानको सूचना

सूचना प्रकाशन मिति : २०७६।६।१८

१ .बुटवल उपमहानगरपालिका अर्न्तगत ढुवानीग्राम निर्माण, संचालन तथा हस्तान्तरण आयोजना सार्वजनिक निजी साझेदारी (सानिसा)मा कार्यान्वयन गर्नका लागी इच्छुक तथा योग्य कम्पनी/संस्थावाट सार्वजनिक निजी साझदारी ऐन २०७४को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली २०७६ को नियम ६को उपनियम १ वमोजिम तोकिएका शर्तहरुको अधिनमा रही शिलवन्दी मनसायपत्र पेश गर्नका लागी यो सुचना प्रकाशन गरिएको छ ।

२.बुटवल उपमहानगरपालिकाले उल्लेखित आयोजनाको कार्यान्यन सार्वजनिक निजी साझेदारी मार्फत गर्नेछ बुटवल उपमहानगरपालिकाले, सार्वजनिक निजी साझदारी ऐन,२०७४ सार्वजनिक नीजि साझेदारीमा नियमावली, २०७६ तथा साही नीति २०७४ अनुसार परियोजनाको डिजाइन,निर्माण व्यावस्थापन तथा संचालन गरिनेछ । उपमहानगरपालिका तथा निजी क्षेत्रको सहभागितामा परियोजनाको सार्वजनिक निजी साझेदारी ऐन, सानिसा नियमावली तथा नीतिको व्यवस्था अनुसार निजी क्षेत्रलाई निर्माण तथा संचालनको लागि दीर्घकालिन परियोजनाको रुपमा साझेदारीको सम्झौता हुनेछ ।

३. मनसाय पत्र आव्हान सम्बन्धी कागजात बुटवल उपमहानगरपालिकाको कार्यालय सुचना प्रकाशन गरेको मितिले पन्ध्रौ दिन भित्र कार्यालय समय भित्र रु ५०००।- (फिर्ता नहुने गरि) बुझाई खरिद गर्न सकिनेछ ।

४. मनसायपत्र पेश गर्ने अन्तिम मिति यो सुचना प्रकाशित भएको मितिले पन्ध्रौ दिन सकिएको भलिपल्ट १२.०० बजेसम्म रहनेछ उक्त दिन सावृजनिक विदा परे सो को भलि पल्ट  सोही समय भित्र दाखिला गर्नु पर्नेछ । प्राप्त मनसायपत्र सोही दिन १:०० बजे खोलिनेछ ।

५. मनसायपत्र मूल्याँकनका आधार तथा साझेदारीका सर्तहरु मनसायपत्र आव्हान सम्बन्धी कागजातमा उल्लेख गरिएको छ । मनसायपत्र आव्हान सम्बन्धी कागजातहरु यस उपमहानगरपालिकाको वेबसाईट  मा पनि हेर्न सकिनेछ ।

६. यस सुचनामा उल्लेख नभएका अन्य विषयहरु मनसायपत्र सम्वन्धी कागजात तथा बुटवल उपमहानगरिपालिकाको सार्वजनिक निजी साझेदारी ऐन,२०७४ तथा नियमावली २०७६ मा उल्लेख भए अनुसार हुनेछ ।

७. समयसिमा नाघी प्राप्त हुन आएका तथा कुनै शर्तहरु राखि पेश भएका मनसायपत्रहरु मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्विकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस उपमहानगरपालिकाको नगरकार्यपालिकामा सुरक्षित रहनेछ ।

८.यस सम्बन्धमा अन्य कुरा बुझ्न परेमा यस कार्यलयको सार्वजनिक निजी साझदारी प्रर्वद्धन शाखामा सम्पर्क राख्नु होला ।

तपशिल :

| क्र.सं. | मनसायपत्र नं. | आयोजनाको नाम |
|---|---|---|
| १ | ०१/सानिसा/०७६/०७७ | ढुवानीग्राम आयोजना |